# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८३ साल जेठ ०८ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् –**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने र प्रदेश सभाको बैठकमा सम्बोधन/प्रस्तुत गर्न माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** श्री निता पोखरेल आर्याल (क.स.नं. १८४५५७) लाई युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेशमा प्रदेश सचिवको पदमा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने।र यस अघिको निर्णयानुसार युवा तथा खेलकुद मन्त्रालयबाट तलव भत्ता भुक्तान गर्ने निर्णय भएका प्रदेश सचिव श्री विनोद लामिछानेलाई अर्को व्यवस्था नभएसम्म सामाजिक विकास मन्त्रालयमा पदाधिकार राखी सोहि मन्त्रालयबाट तलव भत्ता भुक्तान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** "प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत सिफारिस समितिको मिति २०८३।०२।०७ को निर्णयबाट सिफारिस भई आएका उम्मेदवारहरूमध्ये योग्यताक्रम नं. १ का उम्मेदवार श्री छवीराज पोखेललाई प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्ने।"

४. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालय:** पर्यटन विकास परिषद्को कार्यकारी निर्देशक रिक्त उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय रूपन्देहिमा निर्देशक पदमा कार्यरत अधिकृत दशौं श्री शारदा बस्याल बेलवासेलाई अर्को व्यवस्था नभएसम्म आर्थिक एंव प्रशासनिक अधिकारसहित निमित्त कार्यकारी निर्देशकको कामकाज गर्ने गरी थप जिम्मेवारी दिने।